# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असोज २६ गते २०५८ साल (अतिरिक्ताङ्क ३७(घ)


## भाग ३

### संसद सचिवालयको सूचना

### राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०५८

राष्ट्रियसभा नियमावली, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६३ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रियसभाले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम "राष्ट्रियसभा (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


४६५

२. **राष्ट्रियसभा नियमावली, २०५५ को नियम २०६ मा संशोधनः** राष्ट्रियसभा नियमावली, २०५५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २०६ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) खण्ड (ख) र (ग) बमोजिम लिइएको जानकारीको आधारमा सभाको कुनै सदस्यले आचार संहिता उल्लंघन गरेको प्रमाणित हुन आएमा त्यस्तो सदस्यलाई गर्नुपर्ने कारबाही समेत खण्ड (क) बमोजिम पेश गरिने प्रतिवेदनमा उल्लेख गर्ने।"

३. **मूल नियमावलीमा नियम २०६क. र २०६ख थपः** मूल नियमावलीको नियम २०६पछि देहायका नियम २०६क. र २०६ख. थपिएका छन्ः-

"२०६क. **कारबाही सम्बन्धी व्यवस्थाः**(१) आचार संहिता उल्लंघन गर्ने सभाको सदस्यलाई आचार समितिको सिफारिशमा देहायको कारबाही मध्ये कुनै कारबाही गर्न सकिने छः-

(क) चेतावनी दिने,

(ख) सभा वा समितिको बैठकबाट निष्काशन गर्ने,

(ग) सभा वा समितिको बैठकबाट बढीमा एक्काइस दिनसम्मको लागि निलम्बन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आचार संहिता उल्लंघन गर्ने सभाको सदस्यलाई उपनियम (१) बमोजिमको कारबाही गर्न आचार समितिले आफ्नो प्रतिवेदनद्वारा सिफारिश गरेकोमा सभाबाट निर्णय भएपछि निज उपर त्यस्तो कारबाही हुनेछ।

(३) उपनियम (२) बमोजिम सभाबाट निर्णय भएपछि आचार संहिता उल्लंघन गर्ने सदस्य उपर गरिने कारबाही यस नियमावलीको परिच्छेद-९ मा उल्लिखित प्रक्रियामा अध्यक्षले हेरफेर गरेमा बाहेक सोही बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम सभाले गरेको निर्णय अन्तिम हुनेछ।

२०६ख. <u>प्रचलित कानून बमोजिम मुद्दा चल्ने</u>: यस परिच्छेदमा लेखिएको कुनै कुराले कुनै सदस्य उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।"

<u>श्री ५ महाराजाधिराजबाट</u> स्वीकृत बक्स मिति: २०५८।६।२६

आज्ञाले,
राधेश्याम भट्टराई
राष्ट्रिय सभाको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८८

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।